# २०७२ बैशाख १२ गतेको भूकम्प र तत्पश्चात सीमानाकामा उत्पन्न अवरोध पछि यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएका निर्देशनहरुः

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ २२ ⁄ ०७१ ⁄ ७२ मितिः २०७२ ⁄ ०१ ⁄ १४

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

हालैको महाभूकम्पले राष्ट्रलाई परेको संकटको कारण सरकारी राहतका कार्यक्रम सम्बन्धी भुक्तानी एवं सर्वसाधारणलाई रकमको भुक्तानी लगायतका अत्यावश्यक सेवाहरु सूचारु रुपले संचालन गर्न आवश्यक देखिएको हुँदा यस्ता कार्यहरु सुचारु रुपले संचालन गर्न ⁄ गराउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ । साथै, यस्तो कार्य संचालन गर्दा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई सुरक्षा लगायतका कुनै सहयोग आवश्यक परेमा यस बैंकमा सम्पर्क गर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछु ।

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

«««»»»

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ २३ ⁄ ०७१ ⁄ ७२ मितिः २०७२ ⁄ ०१ ⁄ १६

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

हालैको महाभूकम्पले राष्ट्रलाई परेको संकटका कारण पीडित सर्वसाधारणलाई राहत उपलब्ध गराउन विभीन्न संघसंस्थाहरुले खाता खोली राहत रकम संकलन गर्ने गरेको सम्बन्धमा यसरी खोलिएका संघ संस्थाका खाताहरु इयरमार्क गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा मात्र रकमान्तर हुने व्यवस्था मिलाउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ । यसरी खाता खोल्ने संघ संस्था वा व्यक्तिको नाम नामेसी र सो खातामा जम्मा भएको रकम सम्बन्धी विवरण देहाय बमोजिमको ढाँचामा यस विभागको ईमेल ठेगाना : nrbbfirdppd@nrb.org.np दैनिक रुपमा उपलब्ध गराउन हुन समेत यो निर्देशन जारी गरिएको छ ।

भूकम्प पीडितलाई राहतका लागि जम्मा भएको रकम सम्बन्धी विवरण

| क्र.सं. | खातावाल संघसंस्थाको नाम | खाता नम्बर | हाल सम्म जम्मा भएको रकम |
|---|---|---|---|
| | | | |
| | | | |

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

<<<<>>>>

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ २४ ⁄ ०७१ ⁄ ७२ मितिः २०७२ ⁄ ०१ ⁄ १७

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,
प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने सम्वन्धमा यस बैंकले प.सं.: बैं.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ २३ ⁄ ०७१ ⁄ ७२ मिति २०७२ ⁄ ०१ ⁄ १६ मार्फत जारी गरिएको निर्देशन सबै इजाजतपत्र प्राप्त संस्थाहरुलाई अवगतै छ । सो सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र समेत प्राप्त भएको हुँदा यसैसाथ संलग्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाण्डौंको मिति २०७२ ⁄ ०१ ⁄ १६ को पत्रको व्यहोरा अवगत गरी सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

<<<<>>>>

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ २५ ⁄ ०७१ ⁄ ७२ मितिः २०७२ ⁄ ०१ ⁄ २७

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,
यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु ⁄ गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

“भूकम्पका कारणले गर्दा अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि मिति २०७२ बैशाख १३ गते देखि २०७२ बैशाख २६ गते सम्मको अवधिलाई हप्ता कायम गरिएको छ ।”

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

<<<<>>>>

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२६/०७१/७२ मिति: २०७२/०२/१३

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

हालै आएको भूकम्पका कारण आवासीय घर क्षतिग्रस्त भएका भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने कर्जामा यस बैंकले उपलव्ध गराउने पुनरकर्जा प्रयोजनका लागि संलग्न बमोजिमको कार्यविधि जारी गरिएको हुँदा सोही बमोजिम गर्नु /गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

## नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

## भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२

हालै आएको भूकम्पका कारण आवासीय घर क्षतिग्रस्त भएका भूकम्प प्रभावित घरपरिवारलाई घर पुनर्निर्माणका लागि प्रवाह गरिने आवासीय कर्जामा यस बैंकले उपलव्ध गराउने पुनरकर्जा प्रयोजनका लागि यो कार्यविधि बनाई लागू गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुले उपर्युक्त प्रयोजनका लागि देहायका शर्त तथा व्यवस्थाहरुको पालना हुने गरी प्रवाह गरेको कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा उपलव्ध गराइने छ :

**शर्त तथा व्यवस्थाहरु :**

(१) पुनरकर्जाको अधिकतम सीमा काठमाण्डौ उपत्यकामा प्रति घरपरिवार रु २५ लाख र उपत्यका बाहेकका प्रभावित जिल्लामा रु १५ लाख सम्मको ऋण सुविधाको आवासीय घर पुनर्निर्माण प्रयोजनका लागि मात्र हुनेछ । उक्त सीमा भन्दा बढी प्रवाह भएको कर्जाको रकममा पुनरकर्जा सुविधा प्रदान गरिने छैन ।

(२) यो सुविधा ऋणी तथा निजको परिवारमा बस्न योग्य आवासीय घर नभएको अवस्थामा मात्र उपलव्ध गराइने छ । भूकम्पले क्षतिग्रस्त आवासीय घर गाउँ विकास समिति (गा.वि.स.) मा भए गा.वि.स. भित्रै, नगरपालिकामा भए सम्बन्धित वडा भित्रै पुनर्निमाण गर्नका लागि पुनरकर्जा सुविधा उपलब्ध गराइनेछ । तर, क्षतिग्रस्त स्थान बस्नयोग्य नरहेको प्रमाण नेपाल सरकारको आधिकारिक निकायबाट प्राप्त गरेको अवस्थामा सोही जिल्लाको अर्को स्थानमा निर्माण गरिने आवासीय घरका लागि समेत यस कार्यविधि बमोजिम पुनरकर्जा प्रदान गर्न सकिनेछ ।

(३) बैंक तथा वित्तीय संस्थाले आवासीय घर पुनर्निर्माण प्रयोजनको लागि प्रदान गर्ने ऋणमा अधिकतम २ प्रतिशत सम्म मात्र ब्याजदर लिनु पर्नेछ । सो प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलव्ध गराउने छ ।

(४) बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा ब्याजदर परिवर्तन गर्न पाउने छैनन् । यस्तो कर्जामा ब्याज तथा तेश्रो पक्षलाई भुक्तानी गर्नु पर्ने (बीमा, धितो मूल्यांकन, कर्जा सूचना, कर्जा सुरक्षण शुल्क) लागत बराबरको शुल्क बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन ।

(५) शुरुको एक वर्ष ग्रेस अवधि हुने गरी यस्तो कर्जाको न्युनतम अवधि ५ वर्ष र अधिकतम १० बर्षसम्मको हुनेछ । कुनै ऋणीले अग्रीम भुक्तानी गर्न चाहेमा कुनै पनि प्रकारको अग्रीम भुक्तानी शुल्क लाग्ने छैन । यस्तो पुनरकर्जा सुविधा एक पटकको लागि बढीमा १ बर्षको लागि मात्र प्रदान गरिने छ र विद्यमान कानूनी व्यवस्थाको अधिनमा रही निरन्तरता हुने व्यवस्था मिलाइने छ ।

तर, बैंक तथा वित्तीय संस्थाबाट घर कर्जा उपभोग गरिरहेका ऋणीहरुको सोही घर क्षतिग्रस्त भई पुनः कर्जा लिनु परेको अवस्थामा कर्जाको अवधि बढीमा पन्ध्र बर्ष सम्म हुनेछ ।

(६) बैंक वा वित्तीय संस्थाले आवासीय घर पूनर्निर्माण कर्जा प्रवाह गर्दा निर्माण प्रगतिका आधारमा कम्तिमा चार चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ । तर, बुँदा नं. १४ बमोजिम प्रवाह गरिएको कर्जाका हकमा भने यो व्यवस्था अनिवार्य हुने छैन ।

(७) आवासीय घर पुनर्निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधात्मक मापदण्डको पालना गरेको हुनु पर्नेछ ।

(८) बैंक वा वित्तीय संस्थाले नेपाल सरकारको सम्वन्धित निकाय वा स्थानीय निकाय ( नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका/वडा कार्यालय/गा.वि.स.) को भूकम्प पीडित भई आवासीय घर क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण वा सो सम्बन्धी ऋणीको स्वःघोषणा अनिवार्य रुपमा लिनुपर्नेछ ।

(९) भूकम्पपीडितका लागि यस बैंकबाट प्रवाह गरिने कुल पुनरकर्जाको सीमा प्रत्येक बैंक वा वित्तीय संस्थाका लागि सो संस्थाको प्राथमिक पुँजीको ८० प्रतिशत सम्म मात्र हुनेछ ।

(१०) यस्तो कर्जा सामान्यतः बीमा गरेको हुनुपर्नेछ । कर्जाको बीमा गरेको अवस्थामा कर्जा वर्गीकरणका आधारमा हरेक वर्गमा कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थाको २५ प्रतिशतका दरले मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।

(११) यस्तो पुनरकर्जा सुविधा प्राप्त गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जाको मासिक विवरण (अनुसुची) महिनासमाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(१२) पूँजीकोष गणना प्रयोजनका लागि यसरी प्रवाह गरिएको कर्जाको जोखिम भार आवासीय घर कर्जा सरह ६० प्रतिशत हुनेछ ।

(१३) यस्तो पुनरकर्जा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको धितोमा प्रदान गरिनेछ ।

(१४) भुकम्पबाट पूर्णरुपमा घर क्षति भएका आफ्ना सदस्यहरुलाई आवासीय घर निर्माणका लागि "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले सामुहिक जमानीमा रु. ३ लाख सम्म कर्जा प्रवाह गरेमा यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा प्रदान गरिनेछ । साथै, "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुको सिफारिशमा त्यस्ता संस्थाका सदस्यहरुलाई "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गरेको रु. ३ लाख सम्मको कर्जामा समेत यो पुनरकर्जा प्रदान गरिनेछ ।

यस व्यवस्था अन्तर्गत सामुहिक जमानीमा प्रवाह गरिएको कर्जाका हकमा कार्यविधिको बुँदा नं. ७ को राष्ट्रिय भवन संहिता सम्बन्धी व्यवस्था बाहेक अन्य व्यवस्थाहरु यथावत रुपमा लागु हुनेछन् । "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको यस्तो कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिनेछ ।"

(१५) यस्तो कर्जा प्रवाह गर्दा बैंक वा वित्तीय संस्थाले सम्बन्धित संस्थाको विद्यमान घरकर्जा सम्बन्धी नीतिगत व्यवस्थाको अधिनमा रही ग्राहकको कर्जा तिर्न सक्ने क्षमता लगायत सुरक्षणका स्पष्ट आधार लिई कर्जा स्वीकृत तथा प्रवाह गर्नुपर्नेछ ।

*(१६)* भूकम्पपीडित परिवारले आवासीय घर पुनर्निर्माणका लागि सहुलियत दरमा कर्जा लिन चाहेमा बैंक वा वित्तीय संस्थाले सरल र सहज प्रक्रिया अपनाई यस कार्यविधि बमोजिम हुने गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।

माथि उल्लिखित शर्त तथा व्यवस्थाका अधिनमा रही प्रवाह भएको कर्जामा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, केन्द्रीय कार्यालय बालुवाटारमा सम्पर्क गरी बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जा सुविधा लिन सक्नेछन् ।

## अनुसूची

मिति : २०७.. /.. /..

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
....................सुपरिवेक्षण विभाग,
काठमाण्डौं ।

विषय: पुनरकर्जाको मासिक विवरण ।

महोदय,

त्यस विभागको प.सं. .............. ................. मिति .............. ................मा जारी भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर कर्जाका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२ अनुसार यस संस्थाले उपभोग गरेको पुनरकर्जा तथा सो पुनरकर्जा सुविधा बमोजिम प्रवाह भएको कर्जाको मासिक विवरण देहाय बमोजिम रहेको छ ।

कर्जाको विवरण (मिति : २०७ /....)

| क्र.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | अन्तिम भुक्तानी मिति | कर्जाको बक्यौता | पुनरकर्जा विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | लिएको मिति | रकम | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

* महिना समाप्त भएको १५ दिनभित्र पेश गर्ने ।

..................... बैंक/वित्तीय संस्थाको तर्फबाट

दस्तखत :

नाम :

पद :

छाप :

विभाग/कार्यालय

<<<>>>

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२७/०७१/७२

मितिः २०७२/०२/२४

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **भूकम्प प्रभावित जिल्लामा शाखा कार्यालय खोल्ने सम्वन्धी विशेष व्यवस्थाः**

"हालैको भूकम्पका कारण बैंकिङ्ग सेवाको सहज उपलब्धतामा हुन गएको अवरोधलाई मध्यनजर गरी भूकम्प प्रभावित जिल्लाहरुमा बैंकिङ्ग सेवाको सहज उपलब्धता र पहुँच वृद्धिका लागि शाखा, Mobile Banking, Branchless Banking तथा घुम्ती बैंकिङ्ग सेवा संचालन गर्न काठमाण्डौं उपत्यका, बनेपा, धुलिखेल तथा भूकम्प प्रभावित जिल्लाको सदरमुकाम बाहेकका स्थानहरुमध्ये बैंक तथा वित्तीय संस्था नभएको बजार केन्द्र/गा.वि.स.मा शाखा खोल्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन । बैंक तथा वित्तीय संस्थाको संचालक समितिबाट यसरी शाखा खोल्न निर्णय भएको मितिले ७ दिन भित्र अनुसूची १४.१ बमोजिमको ढाँचामा यस बैंकलाई जानकारी गराउनु पर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थाले शाखा खोल्न निर्णय गरेको मितिले २ महिनाभित्र शाखा कार्यालय खोली कारोवार संचालन गरिसक्नु पर्नेछ ।"

२. यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा.निर्देशन नं. १९ को बुँदा नं. ३ को उपबुँदा (४) मा देहायको वाक्यांश थप गर्ने ।

"यसैगरी, भूकम्प प्रभावित जिल्लाका सर्वसाधारणले नागरिकता प्रमाणपत्र नभएको अवस्थामा नेपाल सरकारबाट उपलब्ध गराइएको भूकम्प पीडित प्रमाणको आधारमा समेत खाता खोल्न सक्ने छन् ।"

भवदीय,

(शिवनाथ पाण्डे)

का.मु.कार्यकारी निर्देशक

<<<>>>

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ २८ ⁄ ०७१ ⁄ ७२ मितिः २०७२ ⁄ ०३ ⁄ ०१

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

नेपाल सरकार अर्थ मन्त्रालय वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको प.सं. वि.क्षे.व्य. २०७० ⁄ ०७१, च.नं. ६२५ मिति २०७२ ⁄ ०२ ⁄ २४ को पत्रानुसार नेपाल सरकारबाट मिति २०७२ ⁄ २ ⁄ २१ गते देहाय बमोजिमको निर्णय भएको र सो को कार्यान्वयनका लागि अनुरोध भई आएको हुँदा सार्वजनिक रुपमा आव्हान गरी विभिन्न व्यक्ति ⁄ समूह ⁄ संस्थाहरुले बैंक तथा वित्तीय संस्थाको खातामा जम्मा गरेको रकम सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले खाता सञ्चालकसंग समन्वय गरी प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्ने व्यवस्था गर्न हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

“प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको क्षमता विस्तार तथा विश्वसनीयता र प्रभावकारिताको लागि भूकम्प पीडितहरुको राहतको निमित्त सार्वजनिक रुपमा आव्हान गरी विभिन्न व्यक्ति ⁄ समूह ⁄ संस्थाहरुले बैंकहरुको खातामा जम्मा गरेको जुनसुकै रकम सोझै कोषमा अविलम्व जम्मा गर्ने व्यवस्था गर्ने ।”

भवदीय,

(शिवनाथ पाण्डे)

का.मु.कार्यकारी निर्देशक

«««»»»

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ २९ ⁄ ०७१ ⁄ ७२ मितिः २०७२ ⁄ ०३ ⁄ ०७

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु ⁄ गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

“यस बैंकबाट मिति २०७२ ⁄ ०१ ⁄ २७ पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ २५ ⁄ ०७१ ⁄ ७२ मार्फत जारी गरिएको निर्देशन बमोजिम मिति २०७२ ⁄ ०१ ⁄ १३ देखि २०७२ ⁄ ०१ ⁄ २६ सम्मको अवधिलाई अनिवार्य मौज्दात गणना प्रयोजनका लागि हप्ता कायम गरिएकोमा तत्पश्चात मिति २०७२ ⁄ ०१ ⁄ २९ मा आएको पराकम्पनका कारण बैंकिङ्ग प्रणालीमा सूचना सम्पर्क र कारोवार सामान्य भइनसकेकोले मिति २०७२ ⁄ ०१ ⁄ १३ देखि २०७२ ⁄ ०२ ⁄ ०२ सम्मको अवधिलाई अनिवार्य मौज्दात गणना प्रयोजनका लागि हप्ता कायम गर्न सकिनेछ ।”

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)

कार्यकारी निर्देशक

«««»»»

पत्र संख्या : बै.वि.नि.वि. ⁄नीति ⁄परिपत्र ⁄कखग ⁄३० ⁄०७१ ⁄७२ मितिः २०७२ ⁄०३ ⁄०९

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

हालैको भूकम्पका कारण बैंकिङ्ग सेवाको सहज उपलब्धतामा हुन सक्ने अवरोधलाई मध्यनजर गरी बैंकिङ्ग सेवा सुचारु रुपले संचालन गर्ने, अनिवार्य मौज्दात गणना गर्न सहज व्यवस्था गर्ने, भूकम्पबाट आवासीय घर क्षतिग्रस्त भएका पीडित परिवारहरुलाई आवासिय घर पुननिर्माणका लागि पूनर्कर्जा सुविधा उपलब्ध गराउने, बैंकिंग सेवाको सहज उपलब्धता र पहुँच वृद्धिका लागि शाखा स्थापना र विस्तारमा सहज पार्ने, राहत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकमान्तर हुने, भूकम्प पीडित प्रमाणको आधारमा समेत खाता खोल्न सक्ने लगायतका व्यवस्थाहरु यस बैंकले गरिसकेको सन्दर्भमा विभिन्न बैंक, वित्तीय संस्था र ऋणी ग्राहक लगायतका निकायहरुले नीतिगत व्यवस्थाका लागि यस बैंक समक्ष अनुरोध गरेकोमा उक्त अनुरोधलाई सम्बोधन गर्दै भूकम्पका कारणले कुनै पनि व्यवसाय धराशयी नहोस् र यस बैंकले गरेको नीतिगत व्यवस्थाको उपलब्धी बैंक वा वित्तीयसंस्थाको अन्तिम ग्राहकसम्म पुगोस् भन्ने अभिप्रायले यो नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु ⁄गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

**१)** यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७१ मा जुनसुकै कुरा लेखिएको भएतापनि २०७१ चैत्र मसान्तमा सक्रिय वर्गमा कायम रहेका ऋणीहरुका लागि देहाय बमोजिमको विशेष व्यवस्था गरिएको छ :

**क) कर्जा नोक्सानी व्यवस्था**

भूकम्पका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको वा परियोजना क्षतिग्रस्त भई कर्जा तिर्न नसक्ने अवस्थामा कर्जाको साँवा, ब्याज वा किस्ता रकम २०७२ असोज मसान्त सम्ममा प्राप्त भएमा त्यस्तो कर्जालाई २०७२ असार मसान्तमा असल कर्जामा बर्गीकरण गरि सोहि बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ । यस व्यवस्था अनुसार असल वर्गमा वर्गीकरण गरिने कर्जाको हकमा बैंक तथा वित्तीय संस्थाले भुक्तान ढिला भएको कारणबाट सम्वन्धित ऋणीसँग कुनै पनि प्रकारको पेनाल ब्याज वा शुल्क लिन पाइने छैन ।

**ख) कर्जाको पुनरतालिकीकरण**

भूकम्पका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको वा परियोजना क्षतिग्रस्त भई कर्जा तिर्न नसक्ने अवस्थामा देहायका आधारमा बैंक वा वित्तीय संस्थाले एकपटकका लागि एकवर्षसम्म कर्जा भुक्तानी अवधि थप हुने गरी कर्जा पुनरतालिकीकरण गर्न सक्नेछन् :

(क) कर्जालाई पुनरतालिकीकरण गर्न ऋणीको लिखित कार्य योजना पेश गरेको,

(ख) भूकम्पका कारण आम्दानीको श्रोत र कर्जा तिर्ने क्षमतामा आएको ह्रासको पुष्टी हुने प्रमाण पेश गरेको,

कुनैपनि क्षेत्रमा प्रवाहित कर्जामा एकवर्ष भन्दा बढी अवधि थप गरी कर्जा पूनरतालिकीकरण गर्नुपरेमा सो को विवरण र औचित्यता खुलाई यस बैंकको पूर्वस्वीकृति लिनुपर्नेछ ।

यस व्यवस्था बमोजिम पुनरतालिकीकरण गरिएका कर्जालाई असल वर्गकै कर्जाको रुपमा वर्गीकरण गर्न सकिनेछ र वर्गीकरण गरिएका कर्जाहरुको विवरण छुट्टै तयार गर्नु पर्नेछ ।

**ग) आम्दानी/खर्च लेखाङ्कन गर्ने सम्बन्धमा**

आ.व. २०७१ ⁄७२ को ब्याज आम्दानी लेखाङ्कन गर्ने प्रयोजनका लागि २०७२ असार महिनासम्ममा पाकेको ब्याज २०७२ असोज मसान्त सम्ममा प्राप्त भएमा सो रकम आ.व. २०७१ ⁄७२ को नाफा नोक्सान हिसावमा आम्दानी जनाउन सकिनेछ । यसरी आम्दानी जनाएको रकमलाई लाभांशको रुपमा वितरण नगरी नाफा नोक्सान बाँडफाँड खाता मार्फत पूँजी समायोजन कोषमा जम्मा गर्नुपर्नेछ ।

२०७२ असार मसान्त पश्चात प्राप्त ब्याज रकमको छुट्टै विवरण तयार गरी पेश गर्नुपर्नेछ र यसरी ब्याज आम्दानी जनाएको भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले वार्षिक वित्तीय विवरणको आम्दानी लेखाङ्कन सम्बन्धी नीतिमा रकम सहित स्पष्ट खुलाउनु पर्नेछ ।

**घ) ग्रेस अवधि**

भूकम्पका कारण परियोजना निर्माण सम्पन्न हुन थप समय लाग्ने भएमा वा परियोजना सम्पन्न भइ किस्ता भुक्तानी शुरु हुने अवस्थामा ग्रेस अवधि समाप्त भएतापनि बढीमा एकवर्षको ग्रेस अवधि थप गर्न सकिनेछ । ग्रेस अवधिमा ब्याज पूँजीकरण गरी आम्दानी बाँधिएको ब्याज रकमलाई नाफा नोक्सान बाँडफाँड खाता मार्फत पूँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्नेछ ।

**२) पूँजी गणनाका सम्बन्धमा**

यस बैंकले जारी गरेको एकीकृत निर्देशन २०७१ ई.प्रा. निर्देशन नं. १ अनुसार वाणिज्य बैंकहरुले Regulatory Retail Portfolio र Claims Secured by Commercial Real Estate शीर्षक अन्तर्गत कायम गरेका कर्जाहरुको हकमा भूकम्पका कारण परियोजना क्षतिग्रस्त भई साँवा, ब्याज वा किस्ता भुक्तानी नब्बे दिन भन्दा बढीले भाखा नाघेको अवस्थामा समेत २०७२ असार मसान्तको पूँजीकोष गणना गर्दा जोखिम भार शत प्रतिशत कायम गर्न सकिनेछ ।

**३) भूकम्पले अतिप्रभावित जिल्लाका बैंक वा वित्तीय संस्थाहरुलाई थप सुविधा**

काठमाण्डौ उपत्यका बाहेकका भूकम्पले अतिप्रभावित जिल्लाहरुमा प्रधान कार्यालय रही सञ्चालनमा रहेका बैंक वा वित्तीय संस्थालाई देहाय बमोजिमका थप छुट तथा सुविधाहरु प्रदान गरिनेछ :

- प्रधान कार्यालय भवन क्षतिग्रस्त भइ पूनरनिर्माण गर्नुपर्ने अवस्थामा "क", "ख", "ग" र "घ" वर्गका बैंक वा वित्तीय संस्थालाई रु ५० लाखसम्म शुन्य ब्याजदरमा यस बैंकबाट कर्जा उपलब्ध गराउने ।
- अनिवार्य मौज्दातका लागि कायम गर्नुपर्ने न्युनतम मौज्दात अपर्याप्त भएको कारणले यस बैंकबाट लगाईने जरिवाना रकममा २०७३ असार मसान्त सम्मका लागि छुट प्रदान गर्ने ।
- विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था पालना हुन नसकेको अवस्थामा यस बैंकबाट लगाईने हर्जाना रकममा २०७३ असार मसान्त सम्मका लागि छुट प्रदान गर्ने ।
- यस बैकको निर्देशन बमोजिम पेश गर्नुपर्ने तथ्यांक तथा विवरणहरु पेश गर्न समस्या रहेको अवस्थामा त्रैमासिक विवरण भन्दा कम अवधिमा पेश गर्नुपर्ने विवरणहरु २०७३ असार मसान्त सम्मका लागि पेश गर्न अनिवार्य नहुने गरी छुट प्रदान गर्ने ।

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

«««»»»

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ ०७ ⁄ ०७२ ⁄ ७३ मिति: २०७२ ⁄ ०७ ⁄ १०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस वैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु ⁄ गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. देशमा हालै उत्पन्न असहज परिस्थितिका कारण आर्थिक क्रियाकलापमा संकुचन आई उद्योग, व्यापार, पर्यटन, उर्जालगायतका क्षेत्रहरु प्रभावित भएको र बैंक तथा वित्तीय संस्थाका ऋणीहरुको ऋण तिर्न सक्ने क्षमतामा ह्रास आउन गई अर्थतन्त्रका विभीन्न क्षेत्रका सरोकारवालाहरुबाट यस बैंकबाट जारी गरिएका निर्देशनका केही प्रावधानहरुमा छुट प्रदान हुन अनुरोध भई आएकोले यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७२ मा जुनसुकै कुरा लेखिएको भएतापनि २०७१ चैत्र मसान्तमा सक्रिय वर्गमा कायम रहेका ऋणीहरुका लागि देहाय बमोजिमको विशेष व्यवस्था गरिएको छ :

**क) कर्जा नोक्सानी व्यवस्था सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको वा परियोजना सञ्चालनमा समस्या आई कर्जा तिर्न सक्ने अवस्था बिद्यमान नरहेका ऋणीहरुको हकमा कर्जाको साँवा, ब्याज वा किस्ता रकम २०७२ पुस मसान्त सम्ममा प्राप्त भएमा त्यस्तो कर्जालाई असल कर्जामा बर्गीकरण गरि सोहि बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ । यस व्यवस्था अनुसार असल वर्गमा वर्गीकरण गरिने कर्जाको हकमा बैंक तथा वित्तीय संस्थाले कर्जा भुक्तानी ढिलो भएको कारणबाट सम्बन्धित ऋणीसँग कुनै पनि प्रकारको पेनाल ब्याज वा शुल्क लिन पाउने छैनन् ।

साथै, एकीकृत निर्देशन २०७२ को ई.प्रा. निर्देशन नं. २ ⁄ ०७२ को सुक्ष्म निगरानी सम्बन्धी व्यवस्थाका सम्बन्धमा सो वर्गका लागि २०७३ असार मसान्तमा ४ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्ने गरी आ.व. २०७२ ⁄ ७३ को पहिलो देखि तेश्रो त्रयमास सम्मका लागि २०७२ असारमा कायम रहेको २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था मात्र कायम गर्न सकिने व्यवस्था गरिएको छ ।

**ख) कर्जाको पुनरतालिकीकरण वा पुनरसंरचना सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आउन सक्ने देखिएकोले उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन (होटल, एयरलाईन्स, ट्राभल एजेन्सी आदि) र उर्जा (जलविद्युत उत्पादन, प्रसारण र वितरण आदि) लगायत सेवा क्षेत्रका ऋणीले कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्न चाहेमा देहायका आधारमा बैंक वा वित्तीय संस्थाले एकपटकका लागि एकवर्षसम्म कर्जा भुक्तानी अवधि थप हुने गरी कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्न सक्नेछन् :

(क) कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न ऋणीको लिखित कार्य योजना पेश गर्नुपर्ने,

(ख) कर्जा तिर्ने क्षमतामा आएको ह्रासका बारे सम्बन्धित इजाजतपत्रप्राप्त संस्था आश्वस्त भएको हुनुपर्ने, र

(ग) यस ब्यवस्था बमोजिम कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा २०७२ पुस मसान्त सम्ममा गरि सक्नुपर्ने ।

आवधिक कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा त्यस कर्जामा पाकेको व्याजलाई पूँजीकरण गरी आम्दानी लेखाङ्कन गर्न सकिनेछ । यसरी लेखाङ्कन गरिएको आम्दानी रकम, कर्जा रकम पुर्णरुपमा चुक्ता नहुञ्जेल बाँडफाड नगरी छुट्टै कोष खडागरी राख्नु पर्नेछ ।

यस व्यवस्था बमोजिम पुनरतालिकीकरण गरिएका कर्जालाई असल वर्गकै कर्जाको रुपमा वर्गीकरण गर्न सकिनेछ र वर्गीकरण गरिएका कर्जाहरुको विवरण छुट्टै तयार गर्नु पर्नेछ ।

**ग) आम्दानी/खर्च लेखाङ्कन गर्ने सम्बन्धमा**

आ.व. २०७२ ⁄ ७३ को प्रथम त्रयमासको ब्याज आम्दानी लेखाङ्कन गर्ने प्रयोजनका लागि २०७२ असोज महिनासम्ममा पाकेको ब्याज २०७२ कात्तिक मसान्त सम्ममा प्राप्त भएमा सो रकम आ.व. २०७२ ⁄ ७३ को प्रथम त्रयमासको नाफा नोक्सान हिसावमा आम्दानी जनाउन सकिनेछ ।

**घ) ग्रेस अवधि सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन (होटल, एयरलाईन्स, ट्राभल एजेन्सी आदि) र उर्जा (जलविद्युत उत्पादन, प्रसारण र वितरण आदि) लगायत सेवा क्षेत्रका निर्माणाधीन परियोजनाको निर्माण सम्पन्न हुन थप समय लाग्ने भएमा वा परियोजना सम्पन्न भइ किस्ता भुक्तानी शुरु हुने अवस्थामा ग्रेस अवधि समाप्त भएतापनि बढीमा एकवर्षको ग्रेस अवधि थप गर्न सकिनेछ । ग्रेस अवधिमा ब्याज पूँजीकरण गरी आम्दानी बाँधिएको ब्याज रकमलाई नाफा नोक्सान बाँडफाँड खाता मार्फत पूँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्नेछ ।

**ङ) टि.आर.कर्जा (Trust Receipt Loan) सम्बन्धमा**

यो निर्देशन जारी हुँदाका बखत खोली सकिएका प्रतितपत्रको आधारमा प्रवाह हुने ट्रष्ट रिसिप्ट कर्जा (TR Loan) वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा हालको १२० दिनसम्मको अवधिलाइ बढाई २०७२ चैत्र मसान्त भित्र असुल उपर हुने गरी १८० दिनसम्मको अवधि कायम गरी कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ ।

भवदीय,

(रमेशकुमार पोखरेल)
का.मु.कार्यकारी निर्देशक

«««»»»

पत्र संख्या : बै.वि.नि.वि. /नीति/परिपत्र/कखग/१२/०७२/७३ मितिः २०७२/०९/३०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

२०७२ बैशाखमा आएको भुकम्प तथा सो पश्चातको उत्पन्न असहज परिस्थिति हालसम्म पनि सामान्य हुन नसकेको परिस्थितिका कारण पर्यटन, उद्योग, व्यवसाय लगायतका क्षेत्रमा पुग्न गएको क्षतिलाई मध्यनजर गर्दै यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई मिति २०७२/७/१० मा जारी गरिएको बै.वि.नि.वि./नीति/परिपत्र/कखग/७ को बुँदा नं. १ लागि देहाय संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. देशमा हालै उत्पन्न असहज परिस्थितिका कारण आर्थिक क्रियाकलापमा संकुचन आई उद्योग, व्यापार, पर्यटन, उर्जालगायतका क्षेत्रहरु प्रभावित भएको र बैंक तथा वित्तीय संस्थाका ऋणीहरुको ऋण तिर्न सक्ने क्षमतामा ह्रास आउन गई अर्थतन्त्रका विभीन्न क्षेत्रका सरोकारवालाहरुबाट यस बैंकबाट जारी गरिएका निर्देशनका केही प्रावधानहरुमा छुट प्रदान हुन अनुरोध भई आएकोले यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७२ मा जुनसुकै कुरा लेखिएको भएतापनि २०७२ असार मसान्तमा सक्रिय वर्गमा कायम रहेका ऋणीहरुका लागि देहाय बमोजिमको विशेष व्यवस्था गरिएको छ :

**क) कर्जा नोक्सानी व्यवस्था सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको वा परियोजना सञ्चालनमा समस्या आई कर्जा तिर्न सक्ने अवस्था बिद्यमान नरहेका ऋणीहरुको हकमा कर्जाको साँवा, ब्याज वा किस्ता रकम २०७२ चैत मसान्त सम्ममा प्राप्त भएमा त्यस्तो कर्जालाई असल कर्जामा बर्गीकरण गरि सोहि बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ । यस व्यवस्था अनुसार असल वर्गमा वर्गीकरण गरिने कर्जाको हकमा बैंक तथा वित्तीय संस्थाले कर्जा भुक्तानी ढिलो भएको कारणबाट सम्बन्धित ऋणीसँग कुनै पनि प्रकारको पेनाल ब्याज वा शुल्क लिन पाउने छैनन् ।

साथै, एकीकृत निर्देशन २०७२ को ई.प्रा. निर्देशन नं. २/०७२ को सुक्ष्म निगरानी सम्बन्धी व्यवस्थाका सम्बन्धमा सो वर्गका लागि २०७३ असार मसान्तमा ४ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्ने गरी

आ.व. २०७२/७३ को पहिलो देखि तेश्रो त्रयमास सम्मका लागि २०७२ असारमा कायम रहेको २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था मात्र कायम गर्न सकिने व्यवस्था गरिएको छ ।

**ख) कर्जाको पुनरतालिकीकरण वा पुनरसंरचना सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आउन सक्ने देखिएकोले उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन (होटल, एयरलाईन्स, ट्राभल एजेन्सी आदि) र उर्जा (जलविद्युत उत्पादन, प्रसारण र वितरण आदि) लगायत सेवा क्षेत्रका ऋणीले कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्न चाहेमा देहायका आधारमा बैंक वा वित्तीय संस्थाले एकपटकका लागि एकवर्षसम्म कर्जा भुक्तानी अवधि थप हुने गरी कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्न सक्नेछन् :

(क) कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न ऋणीको लिखित कार्य योजना पेश गर्नुपर्ने,

(ख) कर्जा तिर्ने क्षमतामा आएको ह्रासका बारे सम्बन्धित इजाजतपत्रप्राप्त संस्था आश्वस्त भएको हुनुपर्ने, र

(ग) यस व्यवस्था बमोजिम कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा २०७२ चैत मसान्त सम्ममा गरि सक्नुपर्ने ।

आवधिक कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा त्यस्तो कर्जामा पाकेको व्याजलाई पूँजीकरण गरी आम्दानी लेखाङ्कन गर्न सकिनेछ । यसरी लेखाङ्कन गरिएको आम्दानी रकम, कर्जा रकम पुर्णरुपमा चुक्ता नहुञ्जेल बाँडफाड नगरी छुट्टै कोष खडागरी राख्नु पर्नेछ ।

यस व्यवस्था बमोजिम पुनरतालिकीकरण गरिएका कर्जालाई असल वर्गकै कर्जाको रुपमा वर्गीकरण गर्न सकिनेछ र वर्गीकरण गरिएका कर्जाहरुको विवरण छुट्टै तयार गर्नु पर्नेछ ।

**ग) आम्दानी/खर्च लेखाङ्कन गर्ने सम्बन्धमा**

आ.व. २०७२/७३ को दोश्रो त्रयमासको ब्याज आम्दानी लेखाङ्कन गर्ने प्रयोजनका लागि २०७२ पुस महिनासम्ममा पाकेको ब्याज २०७२ माघ मसान्त सम्ममा प्राप्त भएमा सो रकम आ.व. २०७२/७३ को दोश्रो त्रयमासको नाफा नोक्सान हिसावमा आम्दानी जनाउन सकिनेछ ।

**घ) ग्रेस अवधि सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन (होटल, एयरलाईन्स, ट्राभल एजेन्सी आदि) र उर्जा (जलविद्युत उत्पादन, प्रसारण र वितरण आदि) लगायत सेवा क्षेत्रका निर्माणाधीन परियोजनाको निर्माण सम्पन्न हुन थप समय लाग्ने भएमा वा परियोजना सम्पन्न भइ किस्ता भुक्तानी शुरु हुने अवस्थामा ग्रेस अवधि समाप्त भएतापनि बढीमा एकवर्षको ग्रेस अवधि थप गर्न सकिनेछ । ग्रेस अवधिमा ब्याज पूँजीकरण गरी आम्दानी बाँधिएको ब्याज रकमलाई नाफा नोक्सान बाँडफाँड खाता मार्फत पूँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्नेछ ।

**ङ) टि.आर.कर्जा (Trust Receipt Loan) सम्बन्धमा**

यो निर्देशन जारी हुँदाका बखत खोली सकिएका प्रतितपत्रको आधारमा प्रवाह हुने ट्रष्ट रिसिप्ट कर्जा (TR Loan) वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा हालको १२० दिनसम्मको अवधिलाइ बढाई २०७३ असार मसान्त भित्र असुल उपर हुने गरी १८० दिनसम्मको अवधि कायम गरी कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ ।

भवदीय,

(उपेन्द्र कुमार पौडेल)
का.मु. कार्यकारी निर्देशक

«««»»»